काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १६५ | शनिवार, १४ चैत, २०८२ | Saturday, 28 Mar. 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

४० वर्षमुनिका १० मन्त्रीसहित १५ सदस्यीय क्याबिनेट :

बालेन्द्र नेतृत्वको युवामैत्री सरकार सुधारमुखी शासनको संकेत

काँक्रेविहार संवाददाता

सुर्खेत, १३ चैत

बालेन्द्र शाह नेतृत्वको सरकारले १५ सदस्यीय मन्त्रिपरिषद् गठन गरेको छ, जसमा ४० वर्षमुनिका १० मन्त्री समावेश छन्। जसलाई हालसम्मकै सबैभन्दा युवा नेतृत्वको सरकारका रूपमा हेरिएको छ।

भने नयाँ मन्त्रिपरिषद्ले युवामैत्री र सुधारमुखी शासनको स्पष्ट संकेत पनि दिएको छ। सरकार गठनसँगै बसेको पहिलो मन्त्रिपरिषद् बैठकले विभिन्न संरचनागत सुधारका कार्यक्रम अघि बढाउने र विगतमा बनेका आयोगहरूको प्रतिवेदन कार्यान्वयन गर्ने महत्त्वपूर्ण निर्णय गरेको छ। बैठकले प्रशासनिक सुधार, सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने विषयलाई प्राथमिकतामा राखेको छ।

प्रधानमन्त्री शाहले युवा नेतृत्वलाई अवसर दिँदै देशको विकासमा नयाँ ऊर्जा र सोच आवश्यक रहेको बताएका छन्। उनले सरकार पारदर्शिता, जवाफदेहिता र परिणाममुखी कार्यशैलीमा केन्द्रित हुने बताउँदै आएका छन्।

राजनीतिक विश्लेषकहरूले युवा मन्त्रीहरूको उच्च सहभागितालाई सकारात्मक संकेतका रूपमा व्याख्या गर्दै यसले नीतिगत नवप्रवर्तन र कार्यान्वयनमा तीव्रता ल्याउने अपेक्षा गरेका छन्। साथै, आयोगका प्रतिवेदन कार्यान्वयन गर्ने निर्णयलाई दीर्घकालीन सुधारतर्फको महत्वपूर्ण कदमका रूपमा हेरिएको छ।

नयाँ सरकारले अब आफ्ना घोषणाहरूलाई व्यवहारमा रूपान्तरण गर्दै जनअपेक्षाअनुसार काम गर्नुपर्ने चुनौती सामना गरिरहेको छ। ३६ वर्षीय प्रधानमन्त्री शाहसँगै मन्त्रिपरिषदमा ३० देखि ४० वर्ष उमेर समूहका नौ जना मन्त्री रहेका छन्, भने ३० वर्षमुनिका एक मन्त्री छन्।

जसमा मन्त्रीहरुमध्ये शिक्षामन्त्री सस्मित पोखरेल सबैभन्दा कान्छा (२९ वर्ष) मन्त्री हुन्। यस्तै अर्थमन्त्री स्वर्णिम वाग्ले ५१ वर्षका सबैभन्दा ज्येष्ठ सदस्यका रूपमा रहेका छन्। मन्त्रिपरिषदमा सुधन गुरुङ (गृह), सुनिल लम्साल (भौतिक पूर्वाधार), निशा मेहता (स्वास्थ्य), प्रतिभा रावल (सामान्य प्रशासन), सोविता गौतम (कानुन), गीता चौधरी (कृषि), दीपक कुमार साह (श्रम) र सीता वादी (महिला तथा बालबालिका) लगायतका युवा मन्त्रीहरूको उपस्थिति रहेको छ।

समावेशीतर्फ पनि मन्त्रिपरिषद् उल्लेखनीय देखिएको छ। करिब ३३ प्रतिशत महिला सहभागिता रहेको यस क्याबिनेटमा विभिन्न जातीय समुदायको प्रतिनिधित्व सुनिश्चित गरिएको छ, यद्यपि मुस्लिम समुदायको उपस्थिति भने शून्य रहेको छ।

शैक्षिक योग्यता हेर्दा अधिकांश मन्त्री स्नातकोत्तर तह उत्तीर्ण छन् भने केहीले विद्यावारिधिसम्मको अध्ययन गरेका छन्। प्रधानमन्त्री शाह स्वयं इञ्जिनियरिङमा स्नातकोत्तर हुन् भने अर्थमन्त्री वाग्ले र सञ्चारमन्त्री विक्रम तिमिल्सिना ले विद्यावारिधिसम्म अध्ययन गरेका छन्। मन्त्रिपरिषद् गठनसँगै प्रधानमन्त्री शाहले केही मन्त्रालय आफूसँगै राखेका छन् भने चार मन्त्रीलाई दुई-दुई मन्त्रालयको जिम्मेवारी दिइएको छ।

शुक्रबार नै सबै मन्त्रीहरुले पदभार ग्रहण गरेका छन्। भने प्रधानमन्त्री शाह पदभार ग्रहणसँगै सरकारी निवास बालुवाटार सरेका छन्। उनी परिवारसहित बाँकी पृष्ठ ४



चार वटा महत्वपूर्ण निर्णय

नयाँ सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले चार वटा महत्वपूर्ण निर्णय सार्वजनिक गरेको छ। बैठकले शिक्षामन्त्री सस्मित पोखरेल लाई सरकारको प्रवक्तामा नियुक्त गर्ने निर्णय गरेको छ।

त्यसैगरी 'जेन-जी आन्दोलन' लगायत विभिन्न आन्दोलनमा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली व्यक्त गर्ने, शासकीय सुधारका लागि तयार गरिएको '१०० कार्यसूची' स्वीकृत गर्ने तथा गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरिएको छ।

सरकारका प्रवक्ता सस्मित पोखरेलका अनुसार आयोगले सिफारिस गरेका व्यक्ति र निकायमध्ये सुरक्षा संयन्त्रको हकमा अध्ययन समिति गठन गरी सो समितिले पेस गर्ने सिफारिस बमोजिम गरिनेछ। अन्यको हकमा सो आयोगले गरेको सिफारिसलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित निकाय (गृह मन्त्रालय लगायत) लाई निर्देशन दिने उनले बताए।

आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्रमन्त्री रमेश लेखक र आईजीपी चन्द्र कुवेर खापुडलाई १० वर्ष जेलसजायसहित सरकारी उच्च अधिकारीलाई कारबाहीको सिफारिस गरेको थियो। सरकारले आयोगको सिफारिसअनुसार आवश्यक कदम चाल्न सम्बन्धित निकायलाई निर्देशन दिने जनाएको छ भने सुरक्षा निकायसम्बन्धी विषयमा थप अध्ययन समिति गठन गरिने बताइएको छ।

यस्तै, नयाँ सरकारले सार्वजनिक गरेको '१०० कार्यसूची' लाई सुशासन, पारदर्शिता र प्रशासनिक सुधारको मुख्य आधारका रूपमा लिइएको छ। उक्त कार्यसूची छिट्टै सार्वजनिक गरिने प्रवक्ता पोखरेलले जानकारी दिएका छन्। तर युवामुखी नेतृत्व, समावेशी सहभागिता र सुधारका एजेन्डासहित अघि बढेको बालेन नेतृत्वको सरकारले अब कार्यान्वयनमा कस्तो गति लिन्छ भन्नेमा आम जनताको चासो केन्द्रित भएको छ।

कर्मचारीलाई प्रधानमन्त्रीको निर्देशन

नवनियुक्त प्रधानमन्त्री बालेन शाहले कुनै पनि बाहना बनाएर काममा ढिलासुस्ती नगर्न कर्मचारीहरूलाई निर्देशन दिएका छन्। शुक्रबार शपथलगत्तै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पदभार ग्रहण गरेपछि कर्मचारीहरूलाई आफ्नो सरकारको स्पिरिट क्याच (समात्न) गर्न निर्देश गरे।

कुनै पनि नियम कानुन संशोधन गर्न पर्दा आफू नेतृत्वको सरकार बलियो भएको स्मरण गराउँदै बाहनाबाजी गरेर काम नरोक्न स्पष्ट निर्देश गरेको एक सचिवले बताए। 'जसरी हामीले सरकार गठन गरेका छौं। हामी जसरी अघि बढ्न खोजेका छौं, त्यो अनुसारको स्पिरिट तपाईंहरूले पनि समात्नुपर्छ,' प्रधानमन्त्री शाहको भनाइ उद्धृत गर्दै उनले भने, 'नियम कानुन परिवर्तन गर्नुपर्ने लगायतका कुराहरूमा कुनै बाहना नगरेर नियम कानुन जे गर्नुपर्ने हो हामी त्यो ल्याउन सक्छौं। कुनै पनि बाहना नगरेर काम गर्नुहोला।'

उनले कुनै पनि विषय देखाएर ढिलासुस्ती नगर्न पनि कर्मचारीहरूलाई स्पष्ट रुपमा भनेका छन्। 'कुनै पनि कुरा देखाएर ढिलासुस्ती गर्न पाइँदैन' बालेनले भनेका छन्। सरकारी कर्मचारी र नवनियुक्त मन्त्रीसहितको उक्त ब्रिफिङ धेरै लामो समय भने चलेको थिएन। करिब पाँच मिनेटमात्रै निर्देशन दिनेगरी प्रधानमन्त्रीले सम्बोधन गरेका थिए।

झुप्राखोलाबाट संघर्ष गर्दै सिंहदरबार पुगिन सीता





काँक्रेविहार संवाददाता

सुर्खेत, १३ चैत

सिंहदरबारमा सीता वादीले मन्त्रीको शपथ लिइरहँदा सुर्खेतको झुप्राखोलामा भने अर्कै दृश्य थियो। टेलिभिजन स्क्रिनमा छोरीलाई देखिरहेकी पार्वती वादीका आँखामा आँसु टिलपिलाएका थिए, खुसीका पनि, सम्झनाका पनि,

टहरोबाट सुब्बाकुना सम्म पुगेर छोरीको शपथ हेर्न आएकी पार्वतीका लागि त्यो क्षण कुनै साधारण थिएन। स्क्रिनमा मन्त्री बनेकी छोरी देखिए पनि उनको मन भने वर्षौंअघिको झुप्राखोलामै दौडिरहेको थियो। जहाँ सानी सिता माटोमा खेल्थिन्, जहाँ गरिबी दिनदिनैसँगै हुर्कन्थ्यो, जहाँ सपनाहरू पनि कहिलेकाहीं अधुरा नै लाग्थे।

त्यही खोलाको किनारमा गिटी कुट्दै, बालुवा छान्दै पार्वती र उनका श्रीमान् गोपाल वादीले छोरीलाई अक्षर चिन्न सिकाए। स्कुल पठाए, पेट काटेर पढाए।

आमा, म ठूलो मान्छे बन्छु, हाम्रो गरिबी हटाउँछु," सानी सिताले भनेका ती शब्दहरू शुक्रबार पार्वतीको मनमा झन् गहिरो गरी बजिरहेका थिए।

जीवन भने सजिलो थिएन। भूमिहीन परिवार, झुप्राको बास, दैनिक ज्यालादारी, यिनैबीचबाट बाटो खोज्दै सिता अघि बढिन्। गाउँकै विद्यालयदेखि छात्रवृत्ति, अनि उच्च शिक्षासम्मको यात्रा उनले आफ्नै संघर्षले तय गरिन्।

आज उनी मन्त्री भएकी छन्। तर झुप्राखोलामा केही बदलिएको छैन। आमाबुवाको जीवन उस्तै छ। अझै पनि गिटी कुटिन्छ, बालुवा छानिन्छ, भोलिको चिन्ता उस्तै छ।

"छोरी मन्त्री भइन् भनेर काम छाड्ने हैन, हामीले त यही गरेर खानुपर्छ," पार्वतीको सरल भनाइ छ।

छोरीको सफलताले भने घरको मात्रै होइन, बस्तीको मनोबल उठाएको छ। वादी समुदाय, जसले वर्षौंदेखि अभाव र उपेक्षा भेलेको छ, अहिले पहिलोपटक आफ्नै घरबाट मन्त्री पाएको छ।


सीता अब केवल एउटा परिवारकी छोरी मात्र होइनन्। उनी सिंगो समुदायको आशा बनेकी छन्। शिक्षा नपाएका बालबालिका, स्वास्थ्य सेवा नपुगेका गाउँहरू, बसोबासको समस्या झेलिरहेका परिवार, सबैका आँखाहरू अहिले उनैतिर लागेका छन्।


पार्वतीको अपेक्षा पनि त्यही हो। "हामीलाई लालपूर्जा देओस्, नत्र बस्न मिल्ने ठाउँ देओस्," उनी भन्छिन्। यो माग केवल एउटा आमाको होइन, सिंगो बस्तीको आवाज हो।

झुप्राखोलाको धूलोबाट सिंहदरबारसम्म पुगेकी सीताको यात्रा कुनै चमत्कार होइन, यो संघर्ष, धैर्य र सपनाको कथा हो।

सायद आज पार्वतीलाई राजनीति, पद वा हैसियतको अर्थ थाहा छैन। तर उनलाई यत्ति थाहा छ। उनकी छोरी सिता आज त्यहाँ पुगेकी छिन्, जहाँबाट धेरैको जीवन बदल्न सकिन्छ।

डीपीलाई सभामुख र कवीन्द्रलाई प्रमुख सचेतक बनाउँदै रास्वपा





काँक्रेविहार संवाददाता

काठमाडौं, १३ चैत

बालेन्द्र शाहको नेतृत्वमा १५ सदस्यीय मन्त्रिमण्डल गठन गरेको राष्ट्रिय स्वतन्त्र पार्टीले अझै केही मन्त्रालय टुङ्ग्याउन बाँकी छ। अमरेशकुमार सिंहले अस्वीकार गरेपछि उद्योग मन्त्रालयको जिम्मा कुनै व्यक्तिलाई तयारी गरिएको छ। प्रधानमन्त्री बालेन्द्रले सम्हालेका अरु केही मन्त्रालयमा पनि मन्त्रीहरु नियुक्त हुन बाँकी रहेको बताइन्छ।

रास्वपाले सभामुख र प्रमुख सचेतक भने टुङ्ग्याएको छैन। पार्टीले सभामुखमा उपसभापति डोलप्रसाद डीपी अर्याल र प्रमुख सचेतकमा कवीन्द्र बुर्लाकोटीलाई अघि सार्ने सम्भावना रहेको स्रोतले जानकारी दिएको छ।

पार्टीका सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाहले सभामुखमा अर्याल र प्रमुख सचेतकमा बुर्लाकोटीलाई पठाउने निर्णय गरेको पार्टी स्रोतले जानकारी गराएको छ। अर्याल र बुर्लाकोटीलाई दुई पद दिन नेताहरुले सहमति गरिसकेको बालेनको सचिवालयले जानकारी दिएको छ।

बुर्लाकोटी अर्याल सभापति रवि निकट नेता हुन्। उनीहरु पार्टी स्थापनाकालदेखि नै पार्टीमा खटिएका नेता हुन्। प्रमुख सचेतकमा बुर्लाकोटीलाई पठाउँदा सचेतकमा भने महिलालाई पठाउने तयारी गरेको देखिन्छ। महिला सचेतकका लागि डा. तोसिमा कार्की या पूर्वसचेतक निशा डाँगी नै पर्न सक्ने सम्भावना रहेको छ।

'उपसभापतिलाई सभामुखमा पठाउने र महामन्त्रीलाई प्रमुख सचेतक बनाउने निश्चित भएको छ।' पार्टीका एक शीर्षस्थ नेताले भने, 'सचेतकमा भने एक जना महिला अनुहार पठाउने तयारी गरेका छौं।'

अर्याल ०७९ को निर्वाचनमा समानुपातिक सूचीबाट सांसद भएका थिए। यस पटक भने उनी काठमाडौं-९ बाट निर्वाचन जितेका थिए। बुर्लाकोटी महामन्त्री मुकुल ढकाले पार्टी छाडेपछि महामन्त्री बनेका हुन्।

गुर्भाकोटमा चन्द्र स्मृति कप-२०८३, विजेतालाई ५ लाख रूपैयाँ पुरस्कार

काँक्रेविहार संवाददाता

सुर्खेत, १३ चैत

गुर्भाकोट नगरपालिकामा सातौं संस्करणको चन्द्र स्मृति कप-२०८३ आयोजना हुने भएको छ। "हाम्रो खेल, हाम्रो गौरव : चन्द्र स्मृतिमा एकता र सम्मान" भन्ने मूल नारासहित स्वर्गीय चन्द्र बहादुर बुढाको स्मृतिमा प्रतियोगिता सञ्चालन गर्न लागिएको हो।

मेहेलकुना फुटबल क्लबले शुक्रबार पत्रकार सम्मेलनमार्फत आगामी वैशाख १ गतेदेखि ८ गतेसम्म प्रतियोगिता सञ्चालन हुने जानकारी दिएको छ। नयाँ वर्षको अवसर पारेर आयोजना गरिने प्रतियोगिताले स्थानीयस्तरमा



खेलकुदको माहोल थप उत्साहित बनाउने अपेक्षा गरिएको छ।

क्लबका अध्यक्ष राजेन्द्र शर्माका अनुसार प्रतियोगिताको मुख्य उद्देश्य युवाहरूलाई खेलतर्फ आकर्षित गर्नुका साथै समुदायमा आपसी एकता, सद्भाव र खेल संस्कृतिको विकास गर्नु हो।

प्रतियोगितामा करिब २० वटा टिमहरूको सहभागिता रहने अनुमान गरिएको छ। विभागीय टोलीहरू समेत सहभागी हुने अपेक्षा गरिएको आयोजकले जनाएको छ। साथै प्रत्येक नगरपालिका र गाउँपालिकाबाट एक-एक टोलीलाई मात्र सहभागिता दिइने व्यवस्था गरिएको छ।

प्रतियोगितामा विजेता टोलीले ५ लाख रुपैयाँ र उपविजेताले ३ लाख रुपैयाँ नगद पुरस्कार प्राप्त गर्ने छन्। यसले प्रतियोगितालाई अझ प्रतिस्पर्धात्मक र आकर्षक बनाउने विश्वास गरिएको छ।

खेलकुदसँगै सांस्कृतिक कार्यक्रमहरू पनि आयोजना गरिने क्लबले जनाएको छ, जसले स्थानीय संस्कृति, कला र पहिचानलाई प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ। यसैबीच गुर्भाकोट नगरपालिकाका नगरप्रमुख हस्त पुनले प्रतियोगिताको व्यवस्थापन स्थानीय सहयोग र चन्दा संकलनमार्फत गरिने जानकारी दिएका छन्। उनले चन्द्र स्मृति कप कर्णाली प्रदेशमै लोकप्रिय र प्रतिष्ठित प्रतियोगिताका रूपमा स्थापित हुँदै गएको बताए।

नगर प्रमुख पुनले खेल क्षेत्रको विकासका लागि आवश्यक भौतिक पूर्वाधार अझै अपुग रहेको उल्लेख गर्दै यसको दीर्घकालीन विकासका लागि सबै पक्षको सहकार्य आवश्यक रहेकोमा जोड दिएका छन्। स्थानीयस्तरमा खेलकुदको प्रवर्द्धन, युवाहरूको सहभागिता र सामाजिक एकता सुदृढ गर्ने लक्ष्यसहित आयोजना हुन लागेको यो प्रतियोगिताले कर्णाली प्रदेशको खेल क्षेत्रमा थप ऊर्जा थप्ने अपेक्षा गरिएको छ।

शनिवार

संवैधानिक परिषद्: भागबन्डाको अन्त्य र योग्यताको पुनरागमन



✍ रेवती खड्का

नेपालको वर्तमान राजनीतिक परिदृश्य विचित्र विरोधाभासबाट गुज्रिरहेको छ। एकातिर सडकमा जेनजी पुस्ताको आक्रोश छ, जसले राज्यका हरेक नियुक्तिमा पारदर्शिता र 'राइट म्यान इन राइट प्लेस' को चर्को माग गरिरहेको छ।

अर्कोतिर, बालुवाटार र सिंहदरबारका बन्द कोठाहरूमा संवैधानिक निकायका पदहरूलाई 'भागबन्डाको जाँतो' मा पिस्ने पुरानै खेल जारी छ। यो खेलको केन्द्रमा रहेको संस्था हो- संवैधानिक परिषद्।

संवैधानिक परिषद् केवल एउटा सिफारिस गर्ने निकाय मात्र होइन, यो लोकतन्त्रको त्यस्तो मेरुदण्ड हो, जसले अख्तियार, निर्वाचन आयोग र न्यायालय जस्ता संस्थाहरूको निष्पक्षता तय गर्छ । तर, विगत वर्षहरूमा परिषद्लाई कार्यकारीको छाया बनाउने प्रयास गरिएपछि यसको औचित्यमाथि नै गम्भीर प्रश्न उठेका छन्।

ऐतिहासिक विचलन र कानुनी संकट

नेपालको संविधानको धारा २८४ ले संवैधानिक परिषद्को व्यवस्था गरेको छ। यसको मुख्य दर्शन भनेको राज्यका प्रमुख अंगहरूमा गरिने नियुक्ति राजनीतिक प्रभावबाट मुक्त होस् र त्यहाँ पुग्ने व्यक्तिले कुनै दल विशेषको नभई संविधानको रक्षा गरोस् भन्ने हो। तर, व्यवहारमा हामीले के देख्यौं भने राजनीतिक दलहरूले यसलाई पावर सेयरिङको माध्यम बनाए।

विशेषगरी ०७७ र ०७८ सालमा तत्कालीन सरकारले अध्यादेशमार्फत संवैधानिक परिषद् ऐन संशोधन गरी गणपूरक संख्या सम्बन्धी व्यवस्था नै परिवर्तन गरिदियो । ६ सदस्यीय परिषदमा अध्यक्षसहित ३ जना मात्रै उपस्थित भएपनि निर्णय गर्न सकिने गरी ल्याइएको उक्त व्यवस्थाले नेपालको संवैधानिक इतिहासमा 'कू' को रूप लियो।

विपक्षी दलको नेता र सभामुखलाई थाहै नदिई गरिएका ५२ जना पदाधिकारीको नियुक्ति आजसम्म पनि विवादको घेरामा छ।

यस सन्दर्भमा, सर्वोच्च अदालतको संवैधानिक इजलासले प्रक्रियागत शुद्धता र संवैधानिक नैतिकतालाई विशेष जोड दिएको छ । अदालतले संवैधानिक शून्यता टार्न कतिपय निर्णयलाई सदर गरे पनि, भविष्यका लागि एउटा स्पष्ट रेखा कोरेको छ । संवैधानिक नियुक्तिहरूमा अल्पमत र न्यायपालिकाको अनिवार्य सहमति बिनाको प्रक्रिया लोकतान्त्रिक मूल्य विपरीत हुन्छ।

बदलिँदो चेतनाको आवाज

आजको नेपाल ०४६ वा ०६३ सालको जस्तो छैन । आजको पुस्ता, जसलाई हामी जेनजी भन्छौं, उनीहरू सूचनाको हक र पारदर्शितामा सम्झौता गर्न तयार छैनन्।

काठमाडौंका सडकदेखि सामाजिक सञ्जालका ट्रेन्डिङ टकसम्म हेर्ने हो भने युवाहरूले स्पष्ट भनिरहेका छन्- हामीलाई हाम्रा पुर्खाको जस्तै लाचारिपन स्वीकार्य छैन।

नयाँ सरकारले यो आक्रोशलाई सम्बोधन गर्न सकेन भने सडकको आन्दोलनले कुनै पनि बेला सत्ताको जग हल्लाउन सक्छ।

परिषद्लाई स्वेच्छाचारी बन्नबाट रोक्न यसको गणपूरक संख्यामा कडा सुधार आवश्यक छ। अबको संशोधित ऐनमा निम्न बुँदाहरू पत्थरको लकिर हुनुपर्छ।

पहिलो, न्यूनतम उपस्थिति । परिषद्का ६ जना सदस्यमध्ये न्यूनतम पाँच जनाको उपस्थिति बिना बैठक बस्न नसक्ने व्यवस्था हुनुपर्छ । यसले बहुमतको नाममा हुने अल्पमतको गला रेट्ने प्रवृत्ति रोक्छ।

दोस्रो, विपक्षी र न्यायपालिकाको अनिवार्य सहभागिता । पाँच जनाको कोरम पुग्दा पनि त्यहाँ विपक्षी दलको नेता र पूर्व प्रधानन्यायाधीशको अनिवार्य उपस्थिति हुनैपर्छ । यी दुई मध्ये एक जना मात्र अनुपस्थित भए पनि बैठकको निर्णय अवैध हुने कानुनी व्यवस्था आवश्यक छ । यसले प्रधानमन्त्रीलाई सबै पक्षसँग संवाद गर्न र साझा सहमति खोज्न बाध्य बनाउँछ।

संरचनागत पुनर्संरचना

हालको परिषद् विशुद्ध राजनीतिक क्लब जस्तो देखिन्छ । यसलाई व्यावसायिक र तटस्थ बनाउन पूर्व पदाधिकारीहरूको प्रवेश गराउनु पर्छ । प्रस्तावित नयाँ मोडलमा लोकसेवा आयोगका पूर्व अध्यक्ष, पूर्व प्रधानन्यायाधीश, पूर्व प्रमुख निर्वाचन आयुक्त तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्व प्रमुखलाई सदस्यमा नियुक्त गर्ने व्यवस्था गर्नुपर्छ।

यी सदस्यहरूलाई अनिवार्य बनाउने बित्तिकै मेरिटोक्रेसीको ग्यारेन्टी हुन्छ। कानुनी र नैतिक शुद्धता जाँच्न गर्न सजिलो हुन्छ। लोकतान्त्रिक संस्थाको सन्तुलन कायम राख्न मद्दत पुग्छ। साथै भ्रष्टाचार निवारण र नैतिकताको प्रश्नमा गहिरो अन्तर्दृष्टि प्रदान हुन्छ।

दुई वर्षे कुलिङ-अफ पिरियड

नेपालको ठुलो समस्या भनेको पदमा रहँदा भविष्यको अर्को पदका लागि 'डिल' गर्नु हो । जस्तै, कुनै सचिवले अवकाश पाउनु अघि प्रधानमन्त्रीको चाकरी गर्छ ताकि भोलिपल्टै उसले कुनै आयोगमा नियुक्ति पाओस् । यसलाई रोक्न दु वर्षको अनिवार्य कुलिङ-अफ पिरियड लागू गर्नुपर्छ।

कुनै पनि सरकारी व्यक्ति अवकाश पाएको २ वर्षसम्म कुनै पनि संवैधानिक नियुक्ति वा परिषद्को विज्ञ सदस्यका लागि योग्य हुने छैन भनि निश्चित गर्नु पर्नेछ । यसले कर्मचारी र पदाधिकारीहरूलाई आफ्नो कार्यकालमा निष्पक्ष काम गर्न र भविष्यको लोभबाट मुक्त हुन मद्दत गर्छ।

रोस्टर प्रणालीको व्यवस्थापन

नियुक्ति प्रक्रियालाई पारदर्शी र प्रतिष्पर्धात्मक बनाउन पहिलो, संवैधानिक परिषद्ले रिक्त पदका लागि कम्तीमा तीन महिना अगावै राष्ट्रिय सञ्चार माध्यममा आवेदन वा मनोनयन आह्वान गर्ने विधिको विकास गर्नुपर्छ । दोस्रो, प्राप्त आवेदनहरूलाई योग्यता, अनुभव, प्रकाशित कृति, व्यावसायिक उपलब्धि र सार्वजनिक सेवाको योगदानका आधारमा मूल्यांकन गरी उत्कृष्ट नामहरूको सूची तयार गरि सार्वजनिक गर्नुपर्छ।

नेपालमा अब गठन हुने सरकारसामु एउटा ऐतिहासिक अवसर छ। उनीहरूले केवल सरकार टिकाउने खेलमा लाग्ने कि राज्यका संस्थाहरूलाई सुधार्ने ? यदि सरकारले सुशासनको गफ मात्र दिने तर संवैधानिक परिषद्मा पुरानै भागबन्डा दोहोऱ्याउने हो भने, युवाहरूको विद्रोहले उनीहरूलाई सुख दिने छैन।

तेस्रो, लामो सूचीका उम्मेदवार हरूसँग संसदीय सुनुवाइ समिति र संवैधानिक परिषद्को संयुक्त बैठकले अन्तर्वार्ता लिने र उत्कृष्ट तीन नामको सूची सार्वजनिक गर्ने तथा त्यस्ता नामहरुमा आम जनतालाई उजुरी वा गुनासो गर्ने मौका दिने । यस अवधिमा उम्मेदवारको आर्थिक पृष्ठभूमि, आपराधिक अभिलेख, नैतिक चरित्र र व्यावसायिक क्षमताबारे जानकारी माग्न सकिने ।

चौथो, प्राप्त उजुरीहरूमा संवैधानिक परिषद्को सचिवालयले छानबिन गर्ने तथा आवश्यक परेमा उम्मेदवारलाई स्पष्टीकरण सोध्ने विधिको विकास गरिनु पर्छ। अन्तिममा त्यस्ता व्यक्तिलाई सिफारिस गर्ने तथा दायित्व दिने गर्नुपर्छ।

नयाँ सरकारको दायित्व

नेपालमा अब गठन हुने सरकारसामु एउटा ऐतिहासिक अवसर छ। उनीहरूले केवल सरकार टिकाउने खेलमा लाग्ने कि राज्यका संस्थाहरूलाई सुधार्ने ? यदि सरकारले सुशासनको गफ मात्र दिने तर संवैधानिक परिषद्मा पुरानै भागबन्डा दोहोऱ्याउने हो भने, युवाहरूको विद्रोहले उनीहरूलाई सुख दिने छैन।

नयाँ सरकारले पहिलो महिनामै संवैधानिक परिषद् ऐनलाई संशोधन गरी माथिका प्रावधानहरू समावेश गर्नुपर्छ । यो कुनै एक दलको हितमा होइन, सिंगो देशको भविष्यका लागि गरिएको लगानी हुनेछ।

हामीले के पाउँछौं त ?

माथि उल्लेख गरिएको सुधारहरु लागू गरिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले साना माछा मात्र होइन, ठुला राजनीतिक माछालाई पनि समाउने आँट गर्नेछ । निर्वाचन आयोगले कसैको दबाब विना स्वतन्त्र र निष्पक्ष चुनाव सुनिश्चित गराउन भूमिका खेल्नेछ।

लोकसेवा आयोगले आफ्नो निष्पक्षताको विरासतलाई अझै मजबुत बनाउनेछ। योग्यता र क्षमताका आधारमा कर्मचारी छनोट हुँदा सुशासन र विकासमा टेवा पुग्नेछ । मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय स्तरमा आफ्नो 'ए' ग्रेड जोगाउन सफल हुनेछ । स्वतन्त्र र प्रभावकारी मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय समुदायमा नेपालको छवि उज्ज्वल बनाउनेछ।

यसका साथै राष्ट्रिय महिला आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग, मुस्लिम आयोग लगायतका सबै संवैधानिक आयोगहरूले आ-आफ्नो क्षेत्रमा प्रभावकारी काम गर्न सक्नेछन्।

सम्भावित जोखिम

संवैधानिक परिषद् कुनै राजनीतिक सौदाबाजीको थलो होइन । यो त राज्यको पवित्र मन्दिर हो, जहाँबाट न्याय र सुशासनको धारा बग्नुपर्छ। ५/६ को कोरम, विपक्षी र न्यायालयको अनिवार्य उपस्थिति, विज्ञहरूको समावेशीकरण र दुई वर्षे कुलिङ-अफ पिरियड- यी केवल शब्दहरू होइनन्, यी त नेपालको लोकतन्त्रलाई बचाउने सञ्जीवनी हुन्।

तथापि यी सुधारहरू कार्यान्वयनमा केही चुनौतीहरू छन् । जस्तै, यस विषयमा पुराना राजनीतिक दलहरूले प्रतिरोध गर्न सक्छन्। केही संवैधानिक व्यवधान देखिन सक्छ।

विज्ञ सदस्यहरू स्वयं निष्पक्ष र योग्य हुनुपर्ने चुनौती हुनसक्छ । पारदर्शी र प्रक्रियामा समय र स्रोतको बढी खपत हुन सक्छ। तर, यी चुनौतीहरू सुशासन र लोकतन्त्रको मूल्यसँग तुलना गर्दा सामान्य छन्

आगामी सरकारले भविष्यका लागि बलियो प्रणाली बसाल्ने कि भागबन्डाकै हिलोमा पौडिने ? जेनजी पुस्ताले यो प्रश्नको उत्तरको व्यग्र प्रतीक्षा साथ कुरी रहेको छ। हामी यस्तो नेपालको कल्पना गरौं, जहाँ संवैधानिक निकायमा नियुक्त हुने व्यक्ति कुनै दलको कार्यकर्ता नभएर, राष्ट्रको सेवक होस्।

नियुक्तिको आधार भागबन्डा नभएर योग्यता र क्षमता होस् । संवैधानिक परिषद्ले राजनीतिक दलको बैसाखी नभएर, संविधानको संरक्षकको भूमिका निर्वाह गरोस्। यो सपना साकार पार्ने जिम्मेवारी हामी सबैको हो- राजनीतिज्ञ, नागरिक, र युवा पुस्ताको।

भागबन्डाको चक्रव्यूह तोड्नै पर्छ, योग्यताको पुनरागमन हुनै पर्छ। किनकि, राम्रो संस्था बन्यो भने मात्र राम्रो नेपाल बन्न सक्छ। र, राम्रो नेपाल हामी सबैको सपना हो।

बालेन एक्सप्रेसका ५ गियर



✍ गोविन्द नारायण

जेनजी विद्रोहपछिको निर्मम प्रश्न थियो– 'के त्यो विद्रोह, त्यो शहादत केवल ८४ को चुनाव ८२ मा सार्न मात्र थियो ?'

चुनाव भयो र नतिजाले भनेको छ नेपालले आफूलाई पछौटे देशबाट द्रुत परिवर्तनको दिशामा एक्सप्रेस गतिमा अगाडि सार्न सक्छ । आज बालेन प्रधानमन्त्रीमा बहाल भएका छन् र यो यथार्थ हो, बाँकी अब इतिहास हो । उनलाई नेपालको भविष्यको खाली क्यानभास, यो मुलुकवासीले आज सौगात दिएका छन् जसमा उनले नवीन नेपालको प्रगतिको नक्शा स्वतन्त्र र विवेकपूर्ण रूपमा कोर्न सक्छन्।

बालेन मर्ममा च्यापर हुन्, उनको लडाइँ अन्यायसँग छ । च्याप मनोविज्ञान हामीले र हाम्रो समाजले बुझ्न समय लाग्नेछ । उनको हिजोको त्यो विधा पनि कडा थियो र आजको राजनीतिको यो विधा पनि कडा छ । त्यसैले यहाँ गर्न सक्ने र गर्नुपर्ने केही ठोस विषय तपाईंलाई सम्बोधन गरेर लेख्दैछु। प्रधानमन्त्री बालेनजी, तपाईं र तपाईंको मन्त्रिपरिषद्ले अब गर्नुछः

१. नागरिकको पसिनाको पूजा र भ्रष्टाचारको धुजा

भ्रष्टाचारको चक्र पार्टी खर्च र चुनावमै शुरु हुन्छ। रास्वपा निर्माण गर्न बालेनजीले ठूलो आर्थिक लगानी गर्नु परेको छैन, र जुन जनमत उहाँप्रतिको लहरलाई प्राप्त छ त्यो कुनै मासु-भातको ऋण बोकेर आएको मत होइन; जसको सावाँ-ब्याज तपाईंले सरकारमा बसेर निखन्नु छैन । ठूला व्यापारीप्रति पुरानो आर्थिक दायित्व पनि छैन । त्यसैले क्लेप्टोक्रेसी अर्थात् 'लुटेराहरूको शासन' को जग तपाईंहरूले भत्काउनु होइन उखेल्नु पर्छ । त्यसैले प्रधानमन्त्रीज्यू पार्टी-व्यापारीको भ्रष्ट नेक्सस ढाल्नुस्, सिस्टमका जुका जति फाल्नुस्– नेपाल आर्थिक रूपमा स्वतः स्वच्छ, सबल र सफल हुन्छ।

२. पोख्न देऊ पसिना देशमै हाँसेर, बाँच्न देऊ परिवारसँगै टाँसिएर

नेपालीलाई प्रकृतिले गरिखाने भूगोल र इतिहास दिएको छ; लुटी, ठगी खानै पर्दैन । मधेशका फाँट, पहाडका पदमार्ग, हिमालका दुर्लभ दृश्य, खोंचबाट बगेको पानी, ध्यान गरेका बुद्ध, सबैका विष पिएका पशुपति, जंगलमा हरिण, नदीमा डल्फिन र कछुवा सबैथोक छ । केवल यो प्रशासनिक लाइसेन्स छाप्ने बिचौलियाको धेरै थरीका धेरै ठूला सटर जुन सिंहदरबार र आसपास छ यो बन्द गर्न सिंहदरबार भित्र नै नैतिक र कानूनी डोजर चलाउनुस्, प्रधानमन्त्रीज्यू त्यो म्यान्डेट अब तपाईंलाई छ।

'द लाल' अर्थात् स्ट्रक्चर्ड रेड टेपिजमलाई डोजर लगाऊ, कमिशनखोर नेतागिरीको पार्टीगत कुसंस्कृत प्रवृत्तिलाई हत्कडी लगाऊ । त्यसपछि नेपालका सबै आर्थिक क्षेत्र चलायमान हुन्छन् । त्यसैले तपाईंहरूले भन्ने गरे झैं ग्रीन इकोनोमी, क्लाउड इकोनोमी र सर्भिस लेड आर्थिक वृद्धि प्राप्त हुन्छ।

नेपालीले नेपाललाई उँभो लगाउँछन् आफ्नै घरलाई महल बनाउँछन्, स्वदेशलाई संसारमा चिनाउँछन् । घरैपिच्छे गरिखाने २–४ जना कमाउने भएपछि के चाहियो ? एकबारको जुनीमा हात खाली बस्न, पसिनै नकाढी जिउन, कुन नेपालीलाई मन छ भन्या क्या ? केवल तिनको सफलता पौरख रोप्ने जोहो गरिदेऊ, एअरपोर्टको लाइन त्यसै रोकिन्छ । बस्, आधारभूत सामग्रीको महँगी बढ्नु भएन हामीलाई कतारको कमाइको आधा मात्रै आफ्नै देशमा कमाउन पाए- हाम्रो एकतले सानो बारी घरपरिवार नै छ, हामीलाई हाम्रो राम्रो महल।

३.सँगसँगै आत्मीय पहिचान, अब माथि लैजानु राष्ट्रिय स्वाभिमान

यो चुनावले कुण्ठित जातीय विभाजनमा आधारित मत प्रणाली हटाएर स्वच्छ सभ्य पहिचानलाई स्वीकारेको छ । संकीर्णतालाई अस्वीकार गरेको छ, त्यसमा बालेन जादुई पात्र हुन्। हिजो संसद्मा देखिएको शालीन विविधतालाई एकअर्कालाई अँगालोमा बेरेको छ । नेपाल एक इन्द्रेणी मुलुकको जाज्वल्य उदयको तस्बिर हाम्रोमाझ देखाएको छ । अब विश्वमाझ हाम्रो नेपाली पहिचान निखार्नु छ, हिजोको बहादुर- आजको लेबर होइन- भोलिको वर्ल्डमा बोल्ड लिडर हामी नेपालीलाई हुनुछ । प्रथम विश्व समुदायमाझ कुनै दिन कहलिनु छः 'वाह् नेपालीले गज्जब गरे नि, हेर त ! विद्रोह गरे, शान्ति बाटोमा आए र एक्सप्रेस विकास गरे; छोड अब नेपाललाई धेरै तिम्रा थोत्रा थ्यौरी नसिकाऊ, बरु नेपालबाट केही सिक । अब नेपाल अरूकै हलो जोत्ने गोरु राष्ट्रबाट विश्वको एक गुरु राष्ट्र हुन लागिसक्यो ।'

४.भत्काऊ सबै छेकबार, पालको घरमा किन पर्खाल ?

राज्य संयन्त्रमा सबै काम गर्न आर्थिक स्रोत र सोच चाहिन्छ, त्यसैले के गर्ने ? सिंहदरबारको विनाशलाई भदौ २३ र २४ मा हाम्रो संयन्त्रले छेक्न सकेन यद्यपि त्यहाँ कति धेरै पर्खाल छन् सबैलाई थाहा छ । हाम्रा प्रशासनिक संयन्त्रले दोहन गर्न नै खासमा पाल-पण्डालका लागि ठूला पर्खाल बनाएका जस्ता छन्। यी नागरिक पहुँच रोक्ने सबै घेराबार सम्याऊ- नागरिकलाई सार्वभौम र सबल तुल्याऊ।

देशको धेरै पैसा नेताको पाकेट प्रोजेक्टमा जाने गरेका छन् । तिनलाई स्कोर्पियो र काठमाडौंमा घर चाहिन्छ त्यसको बाटो अहिले नै रोक्नुहोस् । ठूला परियोजनाका भेरिएसन र ऋणको दुरुपयोग चरम छ । केही दशकपछि हाम्रा निर्माणाधीन परियोजनाले झन्डै-झन्डै अर्ध शताब्दी लिएर ऋणको भारी मात्र दिन्छ । त्यसैले तपाईंको गीतमा झैं 'केही भएन पढेर, चाप्लुसीको संसारमा सकिदैन लडेर, मनखुशी यो व्यापारमा बेइमानीकै चल्दो रहेछ रूखमा पैसा फल्दो रहेछ' लाई अब तपाईंले नै यसलाई रोक्न सक्नुहुन्छ किनकि 'यु नो इट बेटर।'

त्यसकारण प्रधानमन्त्री बालेन, विश्वमा नै असल इतिहास रच्न तपाईं चाहनुहुन्छ भने आँट गर्नुभएको तपाईंको जुनून कायम राख्नुस् । विश्वलाई देखाउने गरी नेतृत्व गर्नुस् किनकि आजको दिनमा सम्पूर्ण विश्व तपाईंको साथ छ, तपाईंलाई हेरिरहेछ।

हाम्रा केही मध्यम तहका अधिकृत औसत ५५-६० हजार तलब खान्छन्, ३५ हजारको ड्राइभर र ५५ लाखको सवारी खोज्छन् र त्यो पाउन अक्सर मालदार कार्यालय रोज्छन्। हो, बाध्यता छ तिनको पनि फेसबुकमा स्ट्याटस छ, दौरा, सुरुवाल र टोपीमा आइरन गर्ने पऱ्यो । लगभग १० मा १ कर्मचारीको बदमासीले सम्पूर्ण राष्ट्रसेवकको मनोबल तल छ, त्यसैले त्यो १ जनालाई सजाय दिनु पऱ्यो र बाँकी ९ को मनोबल, सुविधा र कार्य क्षेत्र अधिकार र जवाफदेहिता उकास्नु पऱ्यो। हाम्रो बजेटमा थालभन्दा चम्चा महँगो छ, त्यसैले खर्च प्रणाली सुधारौं, बेथिति बढारौं सम्पूर्ण कर्मचारी, सुरक्षाकर्मी र आमनेपालीकै सरकारप्रतिको नैतिक र आर्थिक मनोबल बढाऔं।

५. झिनामसिना छाड अब क्षेत्रीय नेतृत्व लिन आँट

नेपाल दुई ढुंगाको तरुल सुन्दा सुन्दा वाक्क भइसकियो, कुनै बेला राम्रो सुनिन्थ्यो अब त्यो भाग्यवादी तरुललाई अझै धेरै नउसिनौं। हाम्रो परराष्ट्र नीति भारत-चीन जोड्ने कूटनीतिक, भौतिक र भौगोलिक टनेल बन्नुपर्छ किनकि अब विश्व अर्थतन्त्रको ठूलो भाग हाम्रो वरिपरि घुम्छ। अब पहुँच नै पूँजी र शक्ति हो। जब हाम्रो राष्ट्रिय हितलाई अक्षुण्ण राख्दै हाम्रा मित्रराष्ट्र र सामरिक मित्रहरूसँगै शान्ति र क्षेत्रीय सद्भावको विषयमा हामी निष्कर्षमा पुग्छौं त्यसपछि हामीले फर्केर हेर्नुपर्दैन । त्यसैले हाम्रो सीमाको रक्षा सँगै हामीले रक्षा गर्नुपर्ने विश्वमा अनेकन् विषय छन्। नेपालको शान्ति क्षेत्रको मर्म, जलवायु संरक्षण र सम्वर्द्धनको अत्यावश्यकता र विश्वव्यापी न्यायको विषयलाई हामीले नै प्रवर्धन गर्नुपर्छ, विश्वमाझ त्यही नारा लिएर नेतृत्व लिनुपर्छ।

जबसम्म हामी गरिब छौं तबसम्म हामी गौरवान्वित हुनै सक्दैनौं । भनिन्छ नि 'बेगर ह्याज नो चोइस ।' त्यसैले हामी 'बेगर' होइन आर्थिक रूपमा 'बेटर' हुनै पर्छ । आर्थिक-सामरिक हित नै हाम्रो पिन पोइन्ट हो। यसलाई हाम्रो लक्ष्य मानेर हामी हरेक सौदाबाजीको टेबुलमा हाम्रो 'सफ्ट एण्ड हार्ड लिभरेजका सबै उचित अस्त्र' प्रयोग गर्न पर्छ, नेपाल र नेपालीको लाभको खातिर।

हामीलाई हाम्रै प्रकारको 'सिलिकन शिल्ड' चाहिएको छ, र त्यो वैदेशिक लगानी हुनसक्छ, हाम्रो भूगोल, हाम्रो इन्टेल अनि रणनीतिक नेगोसिएसन क्षमता हुन सक्छ । हामीले रक्षाको तुलनामा उल्लेख्य बजेट परराष्ट्रमा खर्चनुपर्छ।

प्रधानमन्त्री बालेनको व्यक्तित्व ग्लोबल पोलिटिकल ग्ल्यामरको सम्भावनाले भरिपूर्ण छ त्यो केवल उचित विषयमा उजागर हुनुपर्छ, आफ्नो जुझारु र इमानदार व्यक्तित्वमा उनले विश्व युवामाझ विश्वव्यापी साझा प्रगतिका नारा लिए त्यो नेपालको हितमा हुनेछ । अब चाह्यो भने नेपाल विश्वको *बाँकी पृष्ठ ३*

सामुदायिक वनद्वारा आम्दानी वृद्धि, विकासमा टेवा



काँक्रेविहार संवाददाता
बर्दिया, १३ चैत

दिगो वन व्यवस्थापन लागू भएयता बर्दियाका सामुदायिक वनहरू आम्दानीको महत्वपूर्ण स्रोतका रूपमा स्थापित हुँदैछन् ।

काठ र दाउरा बिक्रीबाट पछिल्ला दुई आर्थिक वर्षमा सामुदायिक वनले उल्लेख्य आम्दानी गर्दै स्थानीय विकासमा योगदान पुऱ्याएका छन् ।

डिभिजन वन कार्यालय बर्दियाका अनुसार, जिल्लाभरका सामुदायिक वनले दुई वर्षमा कुल ४९ करोड ६९ लाख ७८ हजार २१८ रुपियाँ आम्दानी गरेका छन् ।

आर्थिक वर्ष २०७९/८० मा १३३ वटा सामुदायिक वनले, र चालु आर्थिक वर्ष ०८०/८१ मा चैत मसान्तसम्म १०२ वटा वनले आम्दानी गरेका छन् ।

गत वर्ष सामुदायिक वनले २३ करोड ७२ लाख ५० हजार ६३९ रुपियाँ आम्दानी गरेको थियो। सोही अवधिमा प्रदेश सञ्चालित कोषमा ३ करोड ६२ लाख ७५ हजार ८५७ रुपियाँ जम्मा भएको थियो ।

भ्याट र आयकरबापत सरकारले क्रमशः ९८ लाख ८८ हजार ४४३ र ११ लाख ४२ हजार ७९४ रुपियाँ पाएको तथ्याङ्कले देखाएको छ ।

चालु वर्षमा चैतसम्म काठ र दाउरा बिक्रीबाट १३ करोड ९९ लाख ७३ हजार ७३६ रुपियाँ आम्दानी भइसकेको छ ।

यसमा प्रदेश कोषमा ४ करोड ५५ लाख ७३ हजार ४३५ रुपियाँ जम्मा भएको छ भने राजस्व र आयकर क्रमशः २ करोड ४० लाख ९३ हजार २१९ र २ लाख ७८ हजार ९५ रुपियाँ रहेका छन् ।

जिल्लाका २८२ सामुदायिक वनमध्ये ११० वन दिगो वन व्यवस्थापन प्रणालीमा रूपान्तरण भएपछि आम्दानीको दायरा फराकिलो भएको छ ।

प्राप्त आम्दानी वन संरक्षण, पूर्वाधार विकास र स्थानीय उपभोक्ताको जीवनस्तर सुधारमा खर्च भइरहेको छ । ठाकुरबाबा नगरपालिका-३ स्थित खोदाऊ सामुदायिक वनकी अध्यक्ष विमला कँडेलले बताइन् ।

काठ र दाउरा बिक्रीबाट प्राप्त रकम वन क्षेत्रको संरक्षण, पशुपालनका लागि खोर निर्माण, तालिम सञ्चालन र अन्य सामुदायिक विकास कार्यमा लगानी गरिँदैछ ।

नयाँ बिरुवा रोपण, तारजालीमार्फत वन सुरक्षा, सडक र विद्युतीकरणमा समेत खर्च भइरहेको छ । डिभिजन वन कार्यालय बर्दियाका वरिष्ठ वन अधिकृत रामगोपाल चौधरीले दिगो वन व्यवस्थापनले वन संरक्षण र आर्थिक लाभ दुवै सुनिश्चित गरेको बताए ।

कटान गरिएका रुखको सट्टा पुनः वृक्षरोपण गरेर वनलाई हराभरा बनाउने काम भइरहेको छ । साल, खयर र सिसौ जस्ता बहुमूल्य प्रजातिका रुखको वैज्ञानिक व्यवस्थापनले दीर्घकालीन आम्दानी र वातावरणीय सन्तुलनमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

एक सय पाँच हेक्टरमा पहुँच



काँक्रेविहार संवाददाता
दार्चुला, १३ चैत

सुदूरपश्चिम प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय दार्चुलाले चालु आर्थिक वर्ष २०८२/८३ मा जिल्लाका कृषियोग्य जमिनमा सिँचाइ सुविधा थप गरेको छ ।

कार्यालयले पोखरी, कुलो, नहर निर्माण र खोला किनारमा तटबन्ध निर्माण गरी जमिन संरक्षण र सिँचाइ पहुँच विस्तारको काम गरिरहेको छ ।

यस वर्ष हालसम्म १०५ हेक्टर क्षेत्र सिँचाइको पहुँचमा पुगेको छ । यसअघि जिल्लाका ९ हजार ४९२ हेक्टर जमिन सिँचाइ सुविधा प्राप्त थिए, जससँग जोड्दा अहिले कुल ९ हजार ५९७ हेक्टर अर्थात जिल्लाको ५२ प्रतिशत जमिन सिँचाइको पहुँचमा पुगेको छ ।

सूचना अधिकारी मदनबहादुर भण्डारीका अनुसार, जिल्लाका २९ हजार ५४४ हेक्टर खेतीयोग्य जमिनमध्ये २९ हजार ९३० हेक्टरमा सिँचाइ सुविधा पुगेको छ ।

चालु आवमा थपिएको क्षेत्रमध्ये ८ हजार ६९६ हेक्टर कुलोबाट र ७९६ हेक्टर पोखरीबाट सिँचाइ भइरहेको छ ।

जिल्लाका सबै नौ स्थानीय तहमा कुलो र पोखरी निर्माण गरेर सिँचाइ सुविधा विस्तार तीव्र गतिमा भइरहेको छ ।

चालु आवमा डिभिजन कार्यालयअन्तर्गत ५०३ नयाँ योजनाहरु सञ्चालनमा छन्, जस मध्ये १०३ योजना पूरा भई सिँचाइमा प्रयोगमा आइसकेका छन् ।

दार्चुलाको कुल जनसंख्या १ लाख ३३ हजार ३१० रहेको छ, जसमा ८४ प्रतिशत जनसंख्या कृषिमा निर्भर छ ।

महाकाली, शैल्यशिखर नगरपालिका र मालिकार्जुन गाउँपालिकामा तरकारी र नगदेबाली उत्पादन बढी हुन्छ भने अन्य क्षेत्रहरूमा मकै, धान, गहुँ, कोदो, फापर, सिमी, जौं, उवा, नप्पललगायतका खाद्यबाली उत्पादन हुने गर्दछ ।

मार्सी धानको बीउ संरक्षणमा जोड



काँक्रेविहार संवाददाता
जुम्ला, १३ चैत

जिल्लामा परम्परागत अभ्यासअनुसार धानको बिउ राख्ने कार्यक्रम गर्दै धान दिवस मनाइएको छ ।

जिल्ला कृषि विकास कार्यालयको आयोजनामा खेतमै पुगेर बिउ राख्ने तरिका र आवश्यक विधिबारे व्यवहारिक अभ्यास गराइएको हो ।

कृषि अनुसन्धान कार्यालयको प्राङ्गणमा कृषिविज्ञ र अनुभवी किसानहरूले बिउ राख्ने विभिन्न विधिहरू प्रदर्शन गर्दै उपस्थित किसान, स्थानीयवासी र सरोकारवालालाई जानकारी दिएका थिए ।

जिल्ला कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीका अनुसार चैत १२ गतेदेखि नै परम्परागत रूपमा मार्सी धानको बिउ राख्ने अभ्यास गरिँदै आएको छ ।

सोही परम्परालाई जोगाउँदै आधुनिक प्रविधिसँग जोड्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको उनले बताए ।

कार्यक्रममा खस भाषामा मागल वाचन गर्दै सांस्कृतिक रूपमा पनि बिउ राख्ने अभ्यास गरिएको थियो । कर्णाली प्रदेश सरकारले दिएको धान दिवसको सार्वजनिक बिदाको अवसर पारेर यो कार्यक्रम आयोजना गरिएको हो । प्रमुख अधिकारीले पोषिलो तथा स्थानीय रूपमा महत्वपूर्ण काली मार्सी धानको संरक्षण र प्रवर्द्धनका लागि विभिन्न प्रयास भइरहेको जानकारी दिए ।

अनुसन्धानबाट विकास गरिएको मार्सी धानको विस्तारका लागि कृषि विकास कार्यालय र कृषि अनुसन्धान कार्यालयले सहकार्य गरिरहेका छन् ।

जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले बिउ छर्ने तरिकाबारे जानकारी दिए भने चन्दननाथ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत क्षेत्रबहादुर बुढथापाले मार्सी धान उत्पादनमा थप ध्यान दिनुपर्नेमा जोड दिए ।

स्थानीय किसानहरूले गाउँ-गाउँमा बिउ राख्ने प्रविधि विस्तार गर्नुपर्ने आवश्यकता औंल्याएका छन् । किसान राजबहादुर महतले धान जोगाउन प्रभावकारी उपाय अपनाउन आग्रह गरे । किसान कविता पराजुलीले जुम्ली मार्सी धानमा देखिने रोग नियन्त्रणका लागि सरोकारवालाको सहयोग आवश्यक रहेको बताए । जुम्लामा परम्पराअनुसार चैत १२ गते बिउ राख्ने र चैत २० गते खेतमा बेर्ना सार्ने चलन रहँदै आएको छ ।

स्वास्थ्य शिविरबाट ८१ बिरामी लाभान्वित

काँक्रेविहार संवाददाता
जाजरकोट, १३ चैत

आयुर्वेद स्वास्थ्य केन्द्रले सदरमुकाम खलङ्गामा तीनदिने निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । उक्त शिविरबाट ८१ जना बिरामीले प्रत्यक्ष लाभ लिएका छन् । आयुर्वेद स्वास्थ्य केन्द्रको आयोजनामा सञ्चालन गरिएको शिविरमा गुदद्वारसम्बन्धी रोगहरू जस्तै पाइल्स, फिसर र फिस्टुलाको परीक्षण, स्क्रिनिङ, क्षारसूत्र विधि तथा सामान्य शल्यक्रिया सम्बन्धी सेवा निःशुल्क रूपमा उपलब्ध गराइएको थियो । शिविर अवधिभर विशेषज्ञ चिकित्सकहरूको टोलीले पेट, श्वासप्रश्वास तथा छाती, हाडजोर्नी र नसासम्बन्धी समस्या, दीर्घरोग, महिलाको पाठेघर सम्बन्धी समस्या, मधुमेह, उच्च रक्तचाप लगायतका विभिन्न रोगहरूको परीक्षण, परामर्श र औषधि वितरण गरेको थियो । आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख डा. सुदर्शन पोखरेलका अनुसार शिविरमा आएका बिरामीमध्ये १५ जनाको शल्यक्रिया गरिएको थियो ।

तीमध्ये पाइल्सका ७ जना, फिस्टुलाका २ जना, क्रोनिक फिसरसहित पाइल्स भएका ५ जना र रेक्टल प्यापिलाका १ जना रहेका छन् ।

शल्यक्रिया डा. कृष्ण ज्ञवालीको नेतृत्वमा सम्पन्न गरिएको हो । डा. पोखरेलले अस्वस्थ आहार-विहारका कारण यस्ता रोगहरू बढ्दै गएको उल्लेख गर्दै जङ्क फुड, अत्यधिक मसालेदार र पिरो खाना तथा मैदाजन्य परिकारबाट टाढा रहन सुझाव दिएका छन् । पछिल्लो समय आयुर्वेदिक उपचारप्रति सर्वसाधारणको आकर्षण बढ्दो रहेको केन्द्रले जनाएको छ । शल्यक्रिया, औषधि वितरण, थेरापी र बाफ उपचारका लागि आउने बिरामीको संख्या पनि उल्लेखनीय रूपमा बढ्दै गएको छ । यद्यपि, केन्द्रको आफ्नै भवन नभएकाले हाल भाडाको भवनबाट सेवा प्रदान गरिँदै आएको छ ।

खानेपानीको संकटले बजार प्रभावित

काँक्रेविहार संवाददाता
सिमकोट, १३ चैत

हुम्लाको सदरमुकाम सिमकोटमा खानेपानी अभाव बढ्दै गएको छ । मुख्य सरकारी कार्यालयहरूले सिधै पाइपलाइन (डाइरेक्ट लाइन) जडान गरेपछि बजार र आसपासका बासिन्दाले दैनिक जीवनमा पानीको समस्या भोग्न बाध्य भएका छन् ।

खानेपानी उपभोक्ता समितिका अनुसार जिल्ला प्रशासन कार्यालय हुम्ला र मानसरोवर माध्यमिक विद्यालयले क्रमशः करिब तीन वर्ष र पाँच वर्षअघि डाइरेक्ट लाइन जडान गरेपछि सिमकोट बजारमा पानीको अभाव बढेको हो ।

बजारवासीहरूले मुख्य ट्याङ्कीमा पुग्नु अघि नै पानी खपत हुनुले दैनिक जीवन प्रभावित भएको उनीहरूको गुनासो छ ।

स्थानीय बासिन्दा मानबहादुर सिंहले भने, बजारमा लामो समयदेखि पानीको अभाव छ, जिम्मेवार निकायले नै डाइरेक्ट लाइन जोड्नु उचित थिएन ।

सिमकोट गाउँपालिका अध्यक्ष विजय



भण्डारीले पुरानो खानेपानी उपभोक्ता समितिले आवश्यक चासो नदिँदा समस्या बढेको बताउँदै पुरानो समिति खारेज गरी नयाँ कार्यसमिति गठन गर्ने तयारी भइरहेको जानकारी दिए । खानेपानी उपभोक्ता समितिका कार्यवाहक अध्यक्ष लोकमणि रावतले डाइरेक्ट लाइन जडान भएको कुरा स्वीकार गर्दै यस विषयमा छलफल हुने जानकारी दिए । खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय हुम्लाका निमित्त प्रमुख नवाङ लामा अनुसार सिमकोटमा करिब ५ हजार जनसंख्या रहेको छ र दैनिक प्रति व्यक्ति ४५ लिटर पानी आ वश्यक पर्छ । हालको ट्याङ्की क्षमता दुई लाख ५५ हजार लिटर भए पनि दैनिक आपूर्ति २१५ घनमिटर मात्र भइरहेको हुँदा करिब १० घनमिटर पानी अभावले बजारमा संकट सिर्जना गरेको छ ।

बालेने...

एक केन्द्र बन्न केहीले रोक्न सक्दैन । त्यसकारण प्रधानमन्त्री बालेन, विश्वमा नै असल इतिहास रच्न तपाईं चाहनुहुन्छ भने आँट गर्नुभएको तपाईंको जुनून कायम राख्नुस् । विश्वलाई देखाउने गरी नेतृत्व गर्नुस् किनकि आजको दिनमा सम्पूर्ण विश्व तपाईंको साथ छ, तपाईंलाई हेरिरहेछ ।

जसरी च्याापरहरूको वर्ल्ड टुर हुन्छ नेपाललाई विश्व प्रसिद्ध प्रगतिको गीत बनाउनुस्, संगीत भर्न आज सारा नेपालीको साथ छ हामी अब नेपाललाई वर्ल्ड टुरमा लौजाऔं, र नेपाललाई विश्वमाझ पपुलर बनाऔं । आम विवेकशील नेपाली, तिमीसँग आज छ, भरपुर प्रयोग गर, देशको लागि प्रयोग गर, सानो विजयलाई ठूलो मानव सफलतामा परिणत गर ।

चन्द्रमामा पाइला राख्दा एक चन्द्रयात्रीले कतै चन्द्रमामा उभिएर भने झैं तिमी पनि कुनै दिन भननँ 'विश्वमा सुशासनको सभ्यता सृजना गर्न तिम्रा साना साना कर्मठ पाइलाले मानव हितमा कुनै दिन ठूलो प्रभाव पार्नेछ ।'

समस्त नेपाली र नेपालीका प्रधानमन्त्री बालेन, दुवैलाई हृदयभरिको शुभकामना !

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय सुर्खेतको सूचना !

पानी हाम्रो जीवनमा नभइ नहुने अमुल्य बस्तु हो । त्यसैले हामी सबैले स्वच्छ पानी प्रयोग गरौं । पानीको श्रोत सधै सफा राखौं । गाइबस्तुलाई कुवा, मुल वा धारामा पानी नखुवाऔं । मानिसले पिउने पानीको स्रोत वरपर वृक्षारोपण गरौं । पानीको स्रोत संरक्षण गरौं । भुक्षय, बाढी पहिरोवाट पानीको मुहान संरक्षण गरौं । पानीको मुहानलाइ सुरक्षित गरियो भने घरघर मा धारामा आउने पानी स्वच्छ र सफा हुनेछ । यदी पानीको मुहान दुषिद भयो भने हामीलाई बिभिन्न खालका रोग लाग्न पनि सक्छ । यसको संरक्षण गर्न सकेनौं भने भविस्यमा पानीको समस्या निम्तन सक्ने भएकाले संरक्षणमा पनि आवश्यक ध्यान दिनु जरुरी छ ।

बाटोघाटो बनाउदा, नहर कुलो पानीको मुल मासिन सक्छ, यस्ता काम गर्दा विशेष उपाय अपनाऔं । नहर, कुलो समय/समयमा उपभोक्ताहरु मिलेर सफा गरौं । यस आयोजनाबाट सञ्चालित योजनाहरु समयमै सम्पन्न गर्न सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरौं । ढललाई जथाभावी निकास दिने कार्य बन्द गरौ । साथै कोरोना भाइरस लगायतका रोगका संक्रमणबाट बच्न स्वास्थ्य सुरक्षाका मापदण्ड अनिबार्य अपनाऔं ।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय
सुर्खेत

डोल्पोबुद्ध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
धो, डोल्पा
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश

- हावाहुरीबाट बचौ र बचाऔं । - घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका धुनौ, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं, हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

आगलागीबाट बच्नको लागि

- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं ।
- सलाई, लाईटर, मट्टितेल र म्यास जस्तो आगो लाग्ने सामग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस् ।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस् ।
- गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस् ।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले विशेष सावधानी अपनाउनुहोस् ।
- घाँस र दाउराको लागि जंगलमा जाँदा आगो लाग्ने सामाग्रीहरु पूर्ण रुपमा निषेध गर्नुहोस् ।
- गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा विशेष सावधानी अपनाउनुहोस् ।
- यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
- घर वरिपरि झारपात जम्मा हुन नदिऔं ।

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छा त्यसैले :
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं । - पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभएमा करण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।
- पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं । - पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।

ग्रामीण युवाको शिक्षा र करियरको मुख्य थलो

काँक्रेविहार संवाददाता
कञ्चनपुर, १३ चैत

शुक्लाफाँटा र कृष्णपुर क्षेत्रका विद्यार्थीका लागि उच्च शिक्षा हासिल गर्न टाढा सहर धाउनु पर्ने बाध्यता कम हुँदै गएको छ।

यहाँको कृष्ण वैजनाथ बहुमुखी क्याम्पस अहिले केवल शैक्षिक गन्तव्य नभई करियर निर्माणको केन्द्रका रूपमा स्थापित हुँदै गएको छ।

विसं २०६६ मा स्थानीय विद्यालयको सानो कोठाबाट सुरु भएको क्याम्पसले छोटो समयमै आफ्नै भवन, पुस्तकालय, कम्प्युटर ल्याब र प्रयोगशालासहित शैक्षिक तथा भौतिक पूर्वाधारमा उल्लेखनीय प्रगति गरेको छ।

क्याम्पस प्रमुख भवराज निरौलाका अनुसार, अहिले यहाँ बिहान ७ बजे देखि दिउँसो १२ बजेसम्म नियमित कक्षा सञ्चालन हुन्छ र करिब ४८७ विद्यार्थी अध्ययनरत छन्।

विशेषगरी यहाँ अध्ययनरत करिब ८० प्रतिशत छात्रा हुन्, जसमा २२ प्रतिशत विवाहित महिलाहरू छन्। ग्रामीण क्षेत्रमा महिला शिक्षाको पहुँच विस्तार गर्न क्याम्पसले ठूलो भूमिका खेलेको छ।

क्याम्पसले व्यवस्थापन सङ्काय अन्तर्गत बीबीएस, शिक्षा सङ्काय अन्तर्गत बिएड र स्नातकोत्तर तहमा एमएड (नेपाली) कार्यक्रम सञ्चालन गर्दै आएको छ।

यसले विद्यार्थीलाई अध्ययनसँगै सीप र रोजगारीको अवसर पनि प्रदान गरेको छ। करिब ३० प्रतिशत विद्यार्थी विभिन्न निजी विद्यालय, वित्तीय संस्था र व्यापार प्रतिष्ठानमा कार्यरत छन्।

शैक्षिक गुणस्तर सुनिश्चित गर्न क्याम्पसले वार्षिक क्यालेन्डर अनुसार पठनपाठन, परीक्षा, अतिरिक्त कक्षा र अतिथि शिक्षकको व्यवस्था गरेको छ।

साथै, विभिन्न छात्रवृत्ति कार्यक्रममार्फत विद्यार्थीलाई आर्थिक राहत दिइएको छ। क्याम्पस सञ्चालक समितिका अध्यक्ष सिद्धराज भट्टका अनुसार, यहाँ विद्यार्थीलाई व्यावहारिक र रोजगार मुखी तालिम, इन्टर्नसिप अवसर र लोक सेवा तयारी कक्षासम्म प्रदान गरिन्छ।

भौतिक पूर्वाधारका दृष्टिले पनि क्याम्पसले उल्लेखनीय सुधार गरेको छ। सुविधा सम्पन्न पुस्तकालय, कम्प्युटर ल्याब, प्रयोगशाला, प्रोजेक्टरसहितका कक्षाकोठा, स्वच्छ खानेपानी र शौचालय उपलब्ध छन्।

क्याम्पस सल्लाहकार समितिका सदस्य उत्तमराज भट्टका अनुसार, भविष्यमा सूचना प्रविधिमैत्री, सीपमूलक र व्यावहारिक शिक्षामा जोड दिँदा यस क्याम्पस सुदूरपश्चिम प्रदेशकै उत्कृष्ट सामुदायिक शैक्षिक संस्थाका रूपमा स्थापित हुनसक्ने सम्भावना छ।

युवा विचारको चुनौती र अवसरमाथि छलफल

काँक्रेविहार संवाददाता
कैलाली, १३ चैत

संयुक्त राष्ट्र जनसंख्या कोषले सुदूरपश्चिमका युवालाई लक्षित गर्दै भविष्य मार्गदर्शनका लागि उच्चस्तरीय छलफल सुरु गरेको छ।



कोषको सुदूरपश्चिम प्रदेश कार्यालयले विभिन्न क्षेत्रमा युवाको समूह बनाएर बैठक आयोजना गरेको हो। प्रदेश कार्यालयका प्रमुख राजकुमार दुङ्गानाले बताए।

"युवा विचार समूहले प्रदेश सरकार र प्रादेशिक युवा परिषद्का रणनीतिक प्राथमिकतामा प्रभाव पार्ने सुझाव प्रदान गर्ने उद्देश्य राखेको छ।"

समूह छलफललाई सहजीकरण गर्दै दुङ्गानाले युवाको सहभागितामा युवा नेतृत्वयुक्त शासनतर्फ अघि बढ्ने लक्ष्य रहेको बताए।

वर्षमा तीन पटक प्रदेशभर युवा विचार समूहको छलफल सञ्चालन गर्ने र सुझावहरू कार्यान्वयनका लागि सरकारसमक्ष पेश गर्ने योजना रहेको छ।

धनगढीमा बिहीबार भएको छलफलमा वर्तमान युवाका समस्या र आगामी १० वर्षमा युवाको अवस्था के हुने भन्ने विषयमा गहन बहस भएको थियो।

सहभागी युवाहरूले लागुपदार्थ दुर्व्यसन, बेरोजगारी, विदेश पलायन, लैङ्गिक हिंसा र बढ्दो अपराधजस्ता चुनौती मुख्य समस्याका रूपमा औंल्याएका थिए। नेपालमा ३६ प्रतिशत जनसंख्या युवामा पर्छ भने सुदूरपश्चिम प्रदेशमा २२.८ प्रतिशत युवा छन्। राष्ट्रिय युवा नीतिले १८-३५ वर्ष उमेर समूहलाई युवा मान्दछ।

जलेका १३ हजार जग्गाधनी प्रमाण पुर्जा पुनः कायम

काँक्रेविहार संवाददाता
नेपालगञ्ज, १३ चैत

बाँकेको भूमि सुधार तथा मालपोत कार्यालयले गत भदौ २३-२४ गतेको जेनजी आन्दोलनमा जलेर नष्ट भएका १३ हजार ४०९ भन्दा बढी जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) को स्रेस्ता पुनः कायम गरेको छ।

आन्दोलनका क्रममा भदौ २४ गते आगजनीले कार्यालय भवन र कागजात नष्ट भएपछि असोज र कात्तिकमा सेवा बन्द भएको थियो।

मङ्सिर १ गतेदेखि भाडाको कार्यालयमार्फत सेवा सञ्चालन गरिएको थियो । कार्यालय प्रमुख मालपोत अधिकृत सबिनसिंह चौधरीले जानकारी दिए।

जलेका स्रेस्ता पुनः कायम गर्ने काम तीव्र गतिमा भइरहेको छ। सेवाग्राहीको भिडभाड भए पनि सेवा प्रवाहमा बाधा नपरोस् भनेर काम भइरहेको उनले बताएका छन्।

विसं २०७४ पछिका स्रेस्ता डिजिटलाइज्ड भएकाले तिनीहरूको पुनः कायममा समस्या नहुँदा पनि पुराना प्रमाण पुर्जा रोक्का यकिनको कारण पत्रिकामा सूचना प्रकाशन जस्ता प्रक्रियागत कामले समय लाग्ने जनाइको छ।

सेवाग्राहीको सहजताका लागि गत हप्ता मात्रै कार्यालयमा सहायता कक्ष स्थापना गरिएको छ । चौधरीले लेखापढी व्यवसायी मार्फत सेवा लिनुमा पर्ने आर्थिक बोझ कम गर्न नागरिक सहायता कक्षमार्फत सेवा लिन आग्रह गरेका छन्।

मालपोत विभागको अनलाइन प्रणाली चलिरहेको भएकाले अन्य समयमा सेवाग्राहीको काममा ढिलासुस्ती नहुने पनि स्पष्ट पारेका हुन।

एनएमबि बैंकद्वारा अपाङ्ग सहायकता सामग्री वितरण

काँक्रेविहार संवाददाता
सर्खेत, १३ चैत

एनएमबि बैंकले आफ्नो सामाजिक उत्तरदायित्व (CSR) कार्यक्रमअन्तर्गत सुर्खेतको भेरीगङ्गा नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूलाई सहारा प्रदान गरेको छ।

सामाजिक विकास मन्त्रालयको आयोजना तथा करुणा फाउन्डेसन र राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको सहकार्यमा सञ्चालन भएको 'अपाङ्गता रूपान्तरण तथा पुनर्स्थापना साझेदारी कार्यक्रम' मार्फत ह्वीलचेयर, एल्बो क्रचेस लगायतका अत्यावश्यक सहायक सामग्री वितरण गरिएको हो।

बैंकले यस पहलका लागि आफ्नो सामाजिक उत्तरदायित्व कोषबाट ५ लाख रुपैयाँ बराबरको आर्थिक सहयोग उपलब्ध गराएको थियो।

उक्त रकमबाट खरिद गरिएका विभिन्न सहायक सामग्रीहरू लक्षित वर्गसम्म पुऱ्याइएको छ, जसले शारीरिक रूपमा चुनौतीपूर्ण जीवन बिताइरहेका नागरिकहरूको दैनिक जीवन सहज बनाउने विश्वास गरिएको छ।

कार्यक्रम भेरीगङ्गा नगरपालिकाका नगर प्रमुख यज्ञ प्रसाद ढकालको अध्यक्षतामा र कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो।

नगर उपप्रमुख अनसरा बोहरा, एनएमबि बैंक लुम्बिनी प्रदेशका एरिया म्यानेजर रमेश रेग्मी र सुर्खेत शाखाका शाखा प्रबन्धक सुमन सुबेदी पनि कार्यक्रममा सहभागी थिए।

बालेन्द्र...

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार सरेका हुन्। यसैबिच, प्रधानमन्त्री शाहलाई सबै राजनैतिक दलका नेता तथा पूर्व प्रधानमन्त्रीहरु र सबै निकायले बधाइ दिएका छन्। यता छिमेकी देश चिनियाँ विदेश मन्त्रालयले पनि बधाई दिएको छ। चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियान्सले नेपाल स्थित चिनियाँ दूतावासमार्फत सन्देश पठाउँदै नेपालसँग व्यावहारिक सहकार्यलाई अझ सुदृढ बनाउन तयार रहेको जनाएका छन्।

यता भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नवनियुक्त प्रधानमन्त्री बालेन शाहलाई बधाई दिएका छन्। शुक्रबार प्रधानमन्त्री शाहको नियुक्ति एवं शपथ ग्रहणपछि भारतीय प्रधानमन्त्री मोदीले बधाई दिएका हुन्। उनले नजिकबाट काम गर्ने चाहना व्यक्त गरेका छन्। यस्तै, पाकिस्तानी प्रधानमन्त्री शेहबाज शरिफले नवनियुक्त प्रधानमन्त्री बालेन शाहलाई बधाई दिएका छन्। शरिफले सामाजिक सञ्जाल एक्समार्फत शाहलाई बधाई दिएका हुन्। 'राष्ट्रिय स्वतन्त्र पार्टीको बहुमतसहित विजयी प्राप्त गरी नेपालको प्रधानमन्त्रीको रूपमा पदभार सम्हालेका महामहिम बालेन शाहलाई हार्दिक बधाई ज्ञापन गर्छु' उनले लेखेका छन्। दुई देशबीचको सहकायलाई सुदृढ गर्ने नजिकबाट सहकार्य गर्न तयार रहेको पनि उनले बताए।

बालबालिकालाई लागूऔषध दुरूपयोगबाट बचाऔं

- लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दियौं,
- लागूऔषधबाट हुने हानि र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोतसाहन गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
हुम्ला
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश

- हावाहुरीबाट बचौ र बचाऔं।
- हावाहुरी चल्न थालेपछि झ्यालढोका धुनौ, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं, हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।
- घरको संरचना बलियो बनाऔं,

आगलागीबाट बच्नको लागि

- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं।
- सलाई, लाईटर, मट्टितेल र म्यास जस्तो आगो लाग्ने सामग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस्।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस्।
- गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस्।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले विशेष सावधानी अपनाउनुहोस्।
- घाँस र दाउराको लागि जंगलमा जाँदा आगो लाग्ने सामाग्रीहरु पूर्ण रुपमा निषेध गर्नुहोस्।
- गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा विशेष सावधानी अपनाउनुहोस्।
- यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।
- घर वरिपरि झारपात जम्मा हुन नदिऔं।

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छा त्यसैले :
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं।
- पानी उमालेर मात्र पिऔं।
- उमाल्न सम्भव नभएमा करण गरेर मात्र पिऔं।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।
- पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं।
- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)